| १० | वन, वातावरण तथा विपद | सार्वजनिक र सामुदायिक विद्यालयका शौचालयहरुमा एक पटक | १००००० | नगरपालिकाको भवनको डिपक्लिनिङ्ग | १००००० |

| क्र.स. | वडा नं. | योजना/ कार्यक्रमको नाम | बजेट | संशोधित योजना | संशोधित बजेट |
|---|---|---|---|---|---|
| | | डिप क्लिनिङ्ग र व्यवस्थापन | | | |
| | | जम्मा | २४५०००० | | २४५०००० |

## निर्णय नं. ११

- श्री सिता माध्यमिक विद्यालय, देवदह-१० को च.नं. १०४, मिति २०८०/१०/१९ को पत्रबाट देवदह नगरपालिकाद्धारा आयोजित प्रथम राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता अन्तर्गत छात्र भलिबल खेलको क्रममा विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी उमङ्ग रेश्मीको बाँया हात भांचिएर देवदह मेडिकल कलेज भलुहीमा उपचारार्थ भर्ना भई शल्यक्रिया गर्दा रु. ७५०२६।- खर्च भएको र सम्बन्धित विद्यार्थीको अभिभावकको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले आर्थिक सहयोग उपलब्ध गराईदिनु हुन भनि अनुरोध भई आएकोमा निज उमङ्ग रेश्मीको उपचारमा लागेको खर्च वापतको रकम रु. ४००००/-(अक्षरुपी चालिस हजार मात्र) सामाजिक सहायता तथा आर्थिक सहयोग शिर्षकबाट आर्थिक सहयोग गर्ने।

## निर्णय नं १२

- देवदह नगरपालिकाको मिति २०८०/५/८ गतेको कार्यपालिका वैठकद्वारा चैत्रमसान्तसम्म योजनाको कार्यसम्पन्न र वैशाख मसान्तसम्म भुक्तानी फरफारक गर्ने निर्णय भए अनुसार वैशाख महिना भित्र वडाका सम्पूर्ण योजनाहरु भुक्तानी फरफारक गर्ने वडा कार्यालयलाई अनुगमन समितिको सिफारिसका आधारमा नगर सभामा पुरस्कृत गर्ने निर्णय गरियो ।

## निर्णय नं १३

- वडा नं ११ मा निर्माण सम्पन्न भई हालसम्म संचालनमा नआएको आधारभूत स्वास्थ्य चौकी भवनलाई संचालनमा ल्याउनको लागि चाहिने जनशक्ति, मेशिनरी औजार, फर्निचर लगायत अन्य आवश्यक सामाग्रीहरुको आंकलन, जनशक्ति र स्रोत व्यवस्थापनको उपयुक्त विकल्प पहिचान गरी सिफारिस गर्न स्वास्थ्य शाखा प्रमुख सहित सामाजिक विकास समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं १४**

- साहनी विल्डर्सको रकम भुक्तानी सम्बन्धमा आवश्यक अध्ययन तथा अनुगमन गरी भुक्तानीका लागि सिफारिस गर्न योजना अनुगमन समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सिंहदरवार काठमाण्डौंद्वारा जारी गरिएको प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याँकन कार्यविधि २०७८ (पहिलो संशोधन २०७९) बमोजिम निर्धारण गरिएको पूर्णाङ्क १००, उतीर्णाङ्क ४० मा यस नगरपालिकाले कार्यसम्पादन वापत प्राप्त गरेको अङ्क (३१.४६) को बारेमा जानकारी प्राप्त भयो । चालु आर्थिक वर्षको बाँकी अवधिदेखि संघीय सरकारले जारी गरेका तपशील बमोजिमका कार्यविधिहरुको प्रभावकारी रुपमा कार्यान्वय गर्ने । नगर कार्यपालिका एवं नगरसभाले बजेट विनयोजन प्रस्ताव तयार गर्दा तपशीलमा उल्लिखित कार्यविधिका सूचकहरुलाई उच्च प्राथमिकतामा राख्ने ।

**तपशील**

क) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याँकन कार्यविधि २०७८ (पहिलो संशोधन २०७९)

ख) स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ ।

ग) स्थानीय तह वित्तीय जोखिम मूल्यांकन कार्यविधि २०७७

घ) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ (पहिलो संशोधन)

ङ) जिल्ला समन्वय समितिको एकिकृत घुम्ति बैठकमा भएका निर्णयहरु

**निर्णय नं १६**

- नगर प्रमुख सम्बोधित र नगर उपप्रमुख सम्बोधित शिर्षकबाट देहाय बमोजिम कार्यान्वयन गरिएका र प्रस्ताव गरिएका आयोजना तथा कार्यक्रमहरुलाई अनुमोदन गरी नगर सभामा समेत पेश गर्ने निर्णय गरियो ।

## क. नगर प्रमुख सम्बोधित कार्यक्रम

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | संबोधित रकम |
|---|---|---|---|
| १ | तल्लो खैरेनी सुनकौडा जाने बाटो बिस्तार | देवदह-७ | २५०००० |
| २ | ज्योतिनगर स्यालो ट्युबेल | देवदह-६ | १००००० |
| ३ | फुलवारी मार्ग नाला निर्माण मदनग्रम | देवदह-७ | १००००० |
| ४ | देवदह-६ बाटो | देवदह-६ | २००००० |
| ५ | दुर्गा मन्दिरमा वाउन्डरी वाल तथा गेट | देवदह-८ | २००००० |
| ६ | नालि निर्माण | देवदह-३ | २००००० |
| ७ | भवननिर्माण हाटबजार व्यवसायी संघ | देवदह-७ | १५०००० |
| ८ | ह्युमपाईप खरिद | देवदह-३ | १००००० |
| ९ | डाँडा टोल खेल मैदान फिलिङ्ग तथा वाल निर्माण | देवदह-३ | १००००० |
| १० | दोस्रो संगम खुला वडा स्तरिय फुटबल | देवदह-३ | १५०००० |
| ११ | B २५ दक्षिण श्रीकृष्ण टोलको बाटोमा नाली निर्माण | देवदह-७ | १००००० |
| १२ | शान्तिपथ बाटो इन्टरलक ब्लक | देवदह-६ | ५०००० |
| १३ | मायादेवी मन्दिर कम्पाउण्ड वाल निर्माण | देवदह-५ | १००००० |
| १४ | हिलेटोल दुर्गा मन्दिर | देवदह-७ | ५०००० |
| १५ | विद्यार्थीसंग नगरप्रमुख कार्यक्रम | पालिका स्तरिय | ५०००० |
| १६ | शिवालय सामुदायिक वन | देवदह-६ | १५०००० |
| जम्मा | | | २०५०००० |

## ख. नगर उपप्रमुख सम्बोधित कार्यक्रम

| क्र.स. | आयोजनाको नाम | वडा | रकम |
|---|---|---|---|
| १ | मदनग्राम फुलबारी मार्गमा अधुरो नाली निर्माण | वडा नं. ७ | २००००० |
| २ | सगरमाथा टोल ख नाली निर्माण | वडा नं. ७ | १००००० |
| ३ | वनकित्ता दुर्गा मन्दिर | वडा नं. ८ | १००००० |
| ४ | B२५ दक्षिण श्रीकृष्ण टोलको बाटोमा नाली निर्माण | वडा नं. ७ | १००००० |
| ५ | शान्तिपथ बाटो निर्माण (इन्टरलक ब्लक) | वडा नं. ६ | ५०००० |
| | **जम्मा** | | **५५००००** |

## निर्णय नं १७

- स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका २०७७, परिच्छेद २ पेज नं १५ मा उल्लेख भएको वार्षिक योजना तथा बजेट तर्जुमा चरण तथा कार्यहरुलाई कार्यान्वयनमा लैजान कार्यपालिकाको

आगामी बैठकमा बजेट तर्जुमाको समय सारणी र कार्ययोजना प्रमुख प्रशासकीय अधिकृतले पेश गर्ने ।

**निर्णय नं १८**

- आगामी वर्ष २०८१/०८२ को बजेट तर्जुमाका लागि पूर्व बजेट छलफल कार्यक्रम २०८० चैत्र १३ गते दिनको १२:३० बजे आयोजना गर्ने ।

**निर्णय नं १९**

- मालपोत कार्यालय बुटवलको, च.नं. ३३४५, मिति २०८०/०६/२६ गतेको पत्रबाट कार्यालय संचालन तथा मर्मत संभारको लागि बजेट माग भई आएकोमा यस कार्यालयको ०८०/८१ को स्वीकृत कार्यक्रम अन्तर्गत मालपोत कार्यालय संस्थागत सहयोग शिर्षकमा विनियोजित बजेट रु. ५ लाख मध्येबाट मालपोत कार्यालय, बुटवललाई रु. चार लाख उपलब्ध गराउने र सो रकम वापतको खर्चको लेखा राख्ने, लेखापरीक्षण गराउने र सोको प्रतिवेदन नगरपालिकालाई उपलब्ध गराउने गरी निकासा गर्ने निर्णय गरियो ।

**निर्णय नं २०**

- विगत वर्षदेखि अस्थायी ट्राफिक प्रहरी पोष्ट, खैरेनीलाई दिइदै आएको घरभाडा वापतको रकम यस आ.व.मा पनि वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत घरभाडा शिर्षकबाट वार्षिक रु. ५०,०००/- (अक्षरुपी पचास हजार मात्र) उपलब्ध गराउने ।

**निर्णय नं २१**

- देवदह नगरपालिकाको चालु आ.व. ०८०/०८१ मा सामाजिक विकास क्षेत्र अन्तर्गत लैङ्गिक समानता र सामाजिक समावेशिकरण शीर्षकको अपाङ्ग लक्षित कार्यक्रममा उपचार सम्भव भएका व्यक्तिहरुको लागि स्वास्थ्य शिविर शिर्षकमा रु. ४५,००००/- बजेट विनियोजित भएकोमा उक्त कार्यक्रम संचालनको लागि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र, बनेपा-११, काभ्रेपलाञ्चोकसँग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं २२**

- देवदह नगर अस्पतालमा हाल बहुलाहा कुकुरले टोकेको मानिसहरु भ्याक्सिनको लागि धेरै आउने गरेको हुँदा यस अघि तोकिएको कोटाबाट

नपुग भएकाले मासिक रुपमा ७० भाईल आपूर्तिका लागि स्वास्थ्य सेवा विभाग, सरुवा रोग नियन्त्रण महाशाखा, टेकुमा लेखि पठाउने ।

**निर्णय नं. २३**

- देवदह नगरपालिकाद्धारा स्वीकृत पशु सेवा तर्फका खोरेत, भ्यागुते, चरचरे र पि.पि.आर. रोग विरुद्धको खोप खरिद गरी लगाउने कार्यक्रम, आकस्मिक उपचार तथा रोग नियन्त्रण कार्यक्रमहरु संघीय सरकारद्वारा जारी गरिएको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशु पन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८० अनुसार संचालन गर्ने ।

**निर्णय नं. २४**

- देवदह नगरपालिकाद्धारा स्वीकृत साना सिंचाई समुह/सहकारी कार्यक्रम, कृषि औजार कार्यक्रम, मौरी प्रवर्द्धन कार्यक्रम संघीय सरकारद्वारा जारी गरिएको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८० अनुसार संचालन गर्ने ।

**निर्णय नं. २५**

- नेपाल मगर संघ, देवदह नगर समितिको मिति २०८०/११/१३, च.नं. २४३ को पत्रबाट मिति २०८० फागुन १५ गते पर्ने ४२ औं मगर स्थापना दिवसको अवसरमा सार्वजनिक विदाको माग भई आएकोमा विभिन्न जातजातीहरुको बसोबास, चाडपर्व, परम्परा र सांस्कृतिक सम्पदाको भण्डार रहेको देवदह नगरपालिकामा मगर स्थापना दिवसको अवसरमा मिति २०८० फागुन १५ गते देवदह नगरपालिक भित्रका सबै सरकारी कार्यालय, सार्वजनिक निकाय, संघ संस्था, शिक्षण संस्थाहरु समेतमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं. २६**

- जिल्ला प्रशासन कार्यालय, रुपन्देहीको च.नं. ७१९१, मिति २०८०/१०/२५ को पत्रका सम्बन्धमा रुपन्देही जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय भएर आएपश्चात देवदह मेडिकल कलेजसँग जोडिएको भलुही खोलाको भस्कट प्राविधिक प्रतिवेदन र प्रचलित कानून बमोजिम देवदह मेडिकल कलेजको आन्तरिक फिल्ड व्यवस्थापनको लागि आर्थिक ऐन बमोजिमको राजश्व लिई उपलब्ध गराउने ।

## निर्णय नं २७

- देवदह नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० मा देहाय बमोजिम संशोधन गर्ने ।

| संसोधन गर्नु पर्ने दफा | भएको व्यवस्था | संशोधन हुनुपर्ने | कारण |
|---|---|---|---|
| | दफा ७ पछि दफा नं. ८, ८, ९, १०, ११, १२, १३, १४ र १५ | दफा नं. ७ पछि क्रमशः ८, ९, १०, ११, १२, १३, १४, १५ र १६ | क्रम संख्या बिग्रिएकोले |
| दफा ३ को उपदफा २ | उपदफा (१) बमोजिम पेश भएका निवेदनमा आवश्यक छानविन गर्दा आर्थिक सहायता पाउन योग्य व्यक्तिलाई दफा ३, ४, ५, ६, ७, ८ र ९ मा उल्लेखित भए बमोजिमको रकम उपलब्ध गराउन सकिनेछ। | उपदफा (१) बमोजिम पेश भएका निवेदनमा आवश्यक छानविन गर्दा आर्थिक सहायता पाउन योग्य व्यक्तिलाई दफा ४, ५, ६, ७, ८, ९, १० र ११ मा उल्लेखित भए बमोजिमको रकम उपलब्ध गराउन सकिनेछ। | |
| दफा ४ | गम्भीर प्रकृतिको बिरामीलाई आर्थिक सहायता | बिरामीलाई आर्थिक सहायता | |
| दफा ४ को उपदफा २ | उपदफा (१) मा उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता उपलब्ध गराउन पाईने छैन। | आर्थिक रुपले विपन्न नागरिकलाई नगर प्रमुखको निर्णय बमोजिम बिरामीको अवस्था र आवश्यकताको आधारमा उपचार खर्च स्वरूप रु. ५०००/- देखि रु. १०,०००/- आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। | |
| दफा ४ को उपदफा ३ | - | **थप गरिएकोः**<br>उपदफा (१) र (२) मा उल्लेखित रकम भन्दा बढी रकम आर्थिक सहायता उपलब्ध गराउन पाईने छैन। | |
| दफा ६ | आर्थिक रुपले विपन्न सुत्केरी महिला तथा असहाय अतिविपन्न | आर्थिक रुपले विपन्न नागरिक, सुत्केरी महिला, असहाय अतिविपन्न बालबालिका | |

| | | | |
|---|---|---|---|
| | बालबालिका लगायतका व्याक्तिलाई सहायता | लगायतका व्याक्तिलाई सहायता तथा विपन्न परिवारलाई काज किरिया खर्चका लागि आर्थिक सहायता | |
| दफा ६ को उपदफा (१) | सामाजिक, आर्थिक तथा मानवीय कारणले जोखिममा रहेका नागरिक र बालबालिकाहरुलाई नगरप्रमुखको निर्णयानुसार रु. ५,००० देखि १०,००० सम्मको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ। | सामाजिक, आर्थिक तथा मानवीय कारणले जोखिममा रहेका परिवार (काज किरियाको हकमा), नागरिक र बालबालिकाहरुलाई नगरप्रमुखको निर्णयानुसार रु. ५,०००/- देखि १०,०००/- सम्मको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ। | |
| दफा ८ | प्राकृतिक प्रकोप पिडितलाई दिइने सहायता | प्राकृतिक प्रकोप तथा दुर्घटना पिडितलाई दिइने सहायता | |
| दफा ८ उपदफा (१) | बाढी पहिरो, भु-क्षय, आगलागी, चट्याङ, हावाहुरी लगायतका प्राकृतिक जन्य घटनाबाट पिडित तथा जोखिममा रहेका नागरिकलाई नगर प्रमुखको निर्णयानुसार रु. ५,००० देखि १५,०००/- सम्मको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ। | बाढी पहिरो, भु-क्षय, आगलागी, चट्याङ, हावाहुरी लगायतका प्राकृतिक जन्य घटना, विद्युतीय कारणले हुने दुर्घटना, सडक तथा यातायात दुर्घटना तथा अन्य मानवीय कारणले घटित दुर्घटनाबाट पिडित तथा जोखिममा रहेका आर्थिक रुपले विपन्न नागरिकलाई नगर प्रमुखको निर्णयानुसार रु. ५,०००/- देखि १५,०००/- सम्मको रकम आर्थिक सहायता वापत उपलब्ध गराउन सकिनेछ। | |

**कार्यपालिका बैठक संख्या – १६४** **मितिः- २०८०।१२।११**

**निर्णयहरु :**

१) नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति प्रतिवेदन माथि छलफल गरी अनुमोदन गरियो ।

२) मिति २०८०।१२।१३ गते दिनको ठीक ११ बजे पाठक फुड ल्याण्डमा पूर्व बजेट छलफल आयोजना गर्ने र उक्त कार्यक्रमका लागि पूर्व अर्थसचिव श्री कृष्णहरि बांस्कोटालाई आमन्त्रण गर्ने निर्णय गरियो ।

३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिकाको पेज नं. १५ मा उल्लेख भएका चरणहरुलाई अबलम्बन गरी सयममै बजेट तर्जुमा गर्ने निर्णय गरियो।

४) नदीजन्य पदार्थ उत्खनन गरिएका क्षेत्रबाट उठेको राजस्वको २० प्रतिशत रकम सम्बन्धित क्षेत्रको वातावरण संरक्षण र विपत् जोखिम न्यूनिकरणका क्षेत्रमा प्रचलित कानून बमोजिम खर्च गर्ने निर्णय गरियो।

५) मिति २०८० चैत्र महिनामा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त भएका पत्रहरु माथि छलफल गरी यथासमयमै जवाफ पठाउने र भएका कमिकमजोरीहरु सच्चाएर अगाडि बढ्ने निर्णय गरियो।

६) प्रहरी चौकी खैरेनीद्वारा पेश गरिएको सवारी मर्मत सम्बन्धि रकम रु. ४८,९८४।- प्रचलित कानून बमोजिम सवारी मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

७) यस कार्यपालिकाको मिति २०८०/११/१३ गतेको निर्णय नं. ५ मा कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लिमिटेड, देवदह-७, रुपन्देही हुनुपर्नेमा कोलिय देवदह सहकारी संस्था लिमिटेड, देवदह-५, रुपन्देही हुन गई त्रुटी हुन गएकोले सोहि बमोजिम सच्च्याउने निर्णय गरियो।

८) वडास्तरीय योजनाहरुको भुक्तानी फरफारक मिति २०८० साल बैशाख मसान्तसम्म गर्ने गरी कार्य अगाडि बढाउने ।

९) आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम पेश गर्नको लागि मिति २०८१/०१/०६ गते नगरसभा आह्वान गर्ने ।

१०) वडा कार्यालयबाट पेश भएका देहायका योजना संशोधन गरी नगर सभामा पनि पेश गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा नं. | योजना/ कार्यक्रमको नाम | विनियोजित बजेट | संशोधित आयोजना | संशोधित बजेट |
|---|---|---|---|---|---|
| १ | २ | भैपरि आउने खर्च तथा अतिथि सत्कार विविध | १००००० | महामाया मा.वि. अनुदान | ५१००० |
| | | | | भैपरि आउने खर्च तथा अतिथि सत्कार विविध | ४९००० |
| २ | ३ | फुटवल खेलाडीलाई जर्सी वितरण | ५०००० | वडा अध्यक्ष कक्षको ढोका र थप कोठामा आल्मुनियम झ्याल | ५०००० |
| ३ | ३ | वडा अध्यक्ष आकस्मिक कोष | ४००००० | श्री महामाया भवानी माध्यामिक विद्यालय स्वर्ण महोत्सवका लागि अनुदान | ५१००० |
| | | | | शिव शक्ति यूवा क्लब, सूर्यपुरा | ४१७३० |
| | | | | केरवानीबाट सूर्यपुरा सेमराना शिशपुर बसन्तपुर सिंचाई कुलो निर्माण | २५००० |
| | | | | शिवालय मन्दिर धाम, देवदह-३ टटेरा | २०००० |
| | | | | वडा नं. ३ का विभिन्न सडकको खाल्टा खुल्टी पुर्ने | २५००० |
| | | | | वडा कार्यालयमा खानेपानी जडान | २५००० |
| | | | | माघी औसी रोहिणी मेला | १०००० |
| ४ | ८ | टोल विकास संस्था परिचालन | २००००० | वडा नं. ८ अन्तर्गतका टोल विकास संस्थाहरुलाई अनुदान | २००००० |
| ५ | ८ | | ५००००० | उद्घोषण कार्यक्रम | ५०००० |

| क्र.स. | वडा नं. | योजना/ कार्यक्रमको नाम | विनियोजित बजेट | संशोधित आयोजना | संशोधित बजेट |
|---|---|---|---|---|---|
| | | वडा अध्यक्ष सम्बोधित कार्यक्रम | | वडा कार्यालयमा पार्किङ्ग ट्रस निर्माण | १५०००० |
| | | | | सूचना सम्प्रेषण | २०००० |
| | | | | अति विपन्न व्यक्तिहरुको लागि स्वास्थ्य विमा कार्यक्रमको लागि अनुदान सहयोग | १००००० |
| | | | | महामाया भवानी मध्यमिक विद्यालयलाई स्वर्ण जयन्ती स्मारण निर्माणका लागि अनुदान | १००००० |
| | | | | खेलकुद सामाग्री वितरण | ४०००० |
| | | | | वडा कार्यालयमा फुलबारी निर्माण | ४०००० |

११) चालु आ.व. २०८०/०८१ मा सामाजिक विकास कार्यक्रम अन्तर्गत नगर प्रमुख सम्बोधित र नगर उपप्रमुख सम्बोधित शिर्षकमा विनियोजित बजेट रु. १/१ करोडबाट देहाय बमोजिम कार्यान्वियन गरिएका र प्रस्ताव गरिएका आयोजना तथा कार्यक्रमहरुलाई अनुमोदन गरी नगर सभामा समेत पेश गर्ने निर्णय गरियो ।

**क. <u>नगर प्रमुख सम्बोधित कार्यक्रम</u>**

| क्र. सं. | आयोजनाको नाम | वडा नं. | विनियोजित बजेट |
|---|---|---|---|
| १ | के.पि. ओली कप | | १५०००० |
| २ | तमु ह्युला छोजधी गुरुङ्ग राष्ट्रिय परिषद इकाईको अधुरो भवन निर्माण | २ | १००००० |
| ३ | भविष्य निर्माण मा.वि का लागि डेक्स वेन्च खरिद | २ | २००००० |
| ४ | धन बहादुरको घरदेखि विउरा वि.क.को सम्म अधुरा नाला निर्माण | ३ | २००००० |
| ५ | शहिद दुर्गा तिवारी स्मृति ब्याडमिन्टन प्रतियोगिता | ४ | १५०००० |

| क्र. सं. | आयोजनाको नाम | वडा नं. | विनियोजित बजेट |
|---|---|---|---|
| ६ | एकता टोल नाला निर्माण | ५ | १००००० |
| ७ | मितेरीटोल इन्टरब्लक ( भिमकान्त कंडेल घर अगाडी) | ५ | १५०००० |
| ८ | प्रगतिबजार नाला निर्माण | ५ | १५०००० |
| ९ | देवदह मा.वि. | ७ | १५०००० |
| १० | शान्तीनगर (क) मार्गमा ढुङ्गा छाप्ने कार्य | ८ | १००००० |
| ११ | वंगला दिवहार थान निर्माण | ८ | १५०००० |
| १२ | विशालनगर लाङ्गघाली टोल दुर्गा मन्दिरमा वाउण्ड्री वाल तथा गेट निर्माण कार्य | ८ | २००००० |
| १३ | कालिका मन्दिर भवन ट्रस निर्माण | ९ | ३५०००० |
| १४ | सहदौनिया विराट दंगल कुस्ति | ११ | १००००० |
| १५ | प्रगतिनगर शिवालय मन्दिर व्यवस्थापन तथा शौचालय निर्माण | १२ | २००००० |
| १६ | सगरमाथा टोलमा प्रतिक्षालय निर्माण | १२ | १००००० |

## ख. नगर उपप्रमुख सम्बोधित कार्यक्रम

| क्र.स. | आयोजनाको नाम | वडा नं. | विनियोजित बजेट |
|---|---|---|---|
| १ | तमु ह्युला छोजधी गुरुङ्ग राष्ट्रिय परिषद इकाईको अधुरो भवन निर्माण | २ | ३००००० |
| २ | देविस्थान टिका देवी पाण्डेको घर देखि दक्षिण बाटो ग्रावेल र सुरेश थापाको घरदेखि पुर्व कुन्दन थापाको घरसम्म अधुरो पि.सि.सि. ढलान | २ | १५०००० |
| ३ | मनकामना मार्ग र पन्थी पथ समेत ग्रावेल | ३ | ७०००० |
| ४ | प्रगतिबजार नाला निर्माण | ५ | १००००० |
| ५ | मदरटङ्स उत्तर पूर्व इन्टरलक | ५ | ५००००० |
| ६ | माथादेवी मन्दिर संरक्षण | ५ | १००००० |
| ७ | वडा स्तरीय खुल्ला पुरुष भलिबल प्रतियोगिता (स्वतन्त्र भूतपूर्व सैनिक कल्याणकारी परिवार) | ६ | २५०००० |
| ८ | दुर्गा मन्दिर (जागृतिनगर) निर्माण | ७ | ५०००० |
| ९ | शान्तीनगर (क) मार्गमा ढुङ्गा छाप्ने कार्य | ८ | २००००० |

| | | | |
|---|---|---|---|
| १० | श्री जनप्रिय माध्यमिक विद्यालयमा संगित कक्ष निर्माण | १० | २००००० |
| ११ | रम्भादेवी ७ क लाईनमा स्तरीय ग्राभेल | १० | १००००० |
| १२ | शंकरपुर कोटही मन्दिर निर्माण | ११ | १५०००० |
| १३ | शान्तिटोलमा वृक्षारोपण कार्यक्रम | ११ | २००००० |

**कार्यपालिका बैठक संख्या – १६५** **मितिः- २०८०।१२।१८**

**निर्णय नं. १**

- देवदह नगरपालिका वडा नं. ३ मा अवस्थित रोहिणी बाँधका कारण वर्षेनी डुबानको समस्या हुने भएकाले जिल्ला अनुगमन समितिको मिति २०८०/१०/१६ गतेको बैठकको निर्णयानुसार रोहिणी बाँधमा थुप्रिएको भस्कट व्यवस्थापनका लागि परामर्शदाताबाट देवदह नगरपालिकाले प्राविधिक प्रतिवेदन तयार गर्ने निर्णय बमोजिम परामर्शदाता श्री रेजिलियन्स कन्स्ट्रक्सन एण्ड डेब्लपमेन्ट प्रा.लि., काठमाण्डौं-१०, बानेश्वरलाई मिति २०८०/१०/१८ कार्यादेश दिइएकोमा उक्त परामर्शदाताबाट पेश भई आएको प्राविधिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

- श्री रेजिलियन्स कन्स्ट्रक्सन एण्ड डेब्लपमेन्ट प्रा.लि., काठमाण्डौं-१०, बानेश्वरले पेश गरेको देवदह नगरपालिका वडा नं. ३ मा अवस्थित रोहिणी बाँधको स्वीकृत प्राविधिक प्रतिवेदन आवश्यक निर्णयका लागि विपद् जोखिम व्यवस्थापन ऐन, २०७४ अनुसारको जिल्ला विपद् व्यवस्थापन समिति, लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि अनुसारको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति र संघीय सरकारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारद्धारा जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (संशोधन २०७९) को दफा ९ बमोजिमको समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

- देवदह नगरपालिकाको नगर प्रहरी ऐन, २०७६(पहिलो संशोधन २०७८) को परिच्छेद ४ दफा ११ मा भएको व्यवस्था बमोजिमको पदपूर्ति समितिले सिफारिस गरे बमोजिमका तपसिलका नगर प्रहरी जवान (महिला) पदका उम्मेदवारहरुलाई नगर प्रहरी ऐन, २०७६(पहिलो संशोधन २०७८) को दफा १३ उपदफा (२) बमोजिम करार सेवामा नियुक्ति दिने निर्णय गरियो।

<u>तपसिल</u>

| क.स. | सिफारिस उम्मेदवारको नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मनिशा ढकाल | कालीगण्डकी-६, गुल्मी | |
| २ | लिला गाहा मगर | देवदह-९, रुपन्देही | |

**निर्णय नं. ४**

- देवदह नगरपालिकाको १२ औं नगरसभाबाट पारित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आगामी नगरसभाबाट अनुमोदन गर्ने गरि संशोधन (परिवर्तन) गरि योजना/कार्यक्रम सम्झौता गर्ने निर्णय गरियो।

**<u>तपसिल</u>**

| क.स. | वडा नं. | योजना/ कार्यक्रमको नाम | विनियोजित बजेट | संशोधित योजना | संशोधित बजेट |
|---|---|---|---|---|---|
| १ | १ | अतिथि सत्कार तथा विविध | २००००० | वडाका विभिन्न स्थानमा मिस्कट विछ्याउने | १००००० |
| | | | | अतिथि सत्कार तथा विविध | १००००० |
| २ | ४ | विद्युत तार व्यवस्थापन | ४००००० | वडाका विभिन्न स्थानमा सि.सि.टि.भि. क्यामेरा जडान | ४००००० |
| ३ | ५ | कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम | ५००००० | सगरमाथा टोल सिचाइ बोरिङ | ५००००० |
| ४ | ५ | टोल टोलमा सडक बत्ति | ४०००० | टोल बिकास संस्था सम्मान कार्यक्रम | ४०००० |
| ५ | ५ | वडा स्तरीय ह्युमपाइप वितरण | ५०००० | कलुवा अधुरो बाटो इन्टरलक | ५०००० |
| ६ | ५ | केरवानी मा.वि ए.सि. सहितको | ७००००० | केरवानी मा.वि. यातायात व्यवस्थापन खर्च | ७००००० |

| क्र.स. | वडा नं. | योजना/ कार्यक्रमको नाम | विनियोजित बजेट | संशोधित योजना | संशोधित बजेट |
|---|---|---|---|---|---|
| १ | १ | अतिथि सत्कार तथा विविध | २००००० | वडाका विभिन्न स्थानमा मिस्कट विछ्याउने | १००००० |
| | | | | अतिथि सत्कार तथा विविध | १००००० |
| | | मन्टेश्वरी र सिप सहितको शिक्षा | | | |
| ७ | ७ | टोल सौन्दर्यकरण | २००००० | आधारभूत स्वास्थ्य केन्द्र कम्पाउण्ड तथा शौचालय निर्माण निरन्तरता | २००००० |
| ८ | ११ | वडा विपद् व्यवस्थापन विविध खर्च | २००००० | वडा नं. ११ मा बाटो मर्मत | १५०००० |
| | | | | सिक्टहनमा खेलकुद कार्यक्रम | ५०००० |

**कार्यपालिका बैठक संख्या – १६६** **मितिः- २०८०।१२।२२**

**निर्णय नं. १**

- देवदह नगरपालिका, रोहिणी गाउँपालिका र ओमसतिया गाउँपालिकाको साझेदारी खरीद गरिएको वारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनका लागि अन्तर स्थानीय तह वारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

- देवदह नगरपालिका वडा नं. ३ शिशपुर र तिलोत्तमा नगरपालिका वडा नं. ११ को सिमा क्षेत्रमा अवस्थित रोहिणी बाँधका सम्बन्धमा लुम्बिनी एग्रो इन्भाएरमेण्ट ल्याब प्रा.लि. ले तयार गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE), श्री रेजिलियन्स कन्स्ट्रक्सन एण्ड डेभलपमेण्ट प्रा.लि., काठमाण्डौं-१० ले तयार गरेको प्राविधिक प्रतिवेदन र सोको आधारमा मिति २०८०/१२/१९ को जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय तथा निर्देशन बमोजिम नेपाल सरकारको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को बुँदा १२, लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ साथै देवदह नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७ (पहिलो संशोधन २०७९) को अधिनमा रही प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) द्धारा निर्धारित मापदण्ड बमोजिमको परिमाणमा नबढ्ने गरि तोकिए बमोजिमको राजश्व दस्तुर लिई बुटवल नारायणगढ सडकको देवदह नगरपालिका भित्रको क्षेत्रमा प्रयोग हुने गरि श्री चाइना स्टेट कन्स्ट्रक्सन इनर्जि कर्पोरेसन लि. (नारायणगढ-बुटवल सडकको दोश्रो खण्ड) लाई तपशील बमोजिम नदीजन्य पदार्थ (भस्कट) उपलब्ध गराउने।

## क) परिमाण, दर र राजस्व सम्बन्धि विवरण :

| क्र.सं | खोलाको विवरण | किसिम | परिमाण (घ.फि) | राजस्व दर (रु.) | रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | देवदह नगरपालिका वडा नं. ३ शिशपुर र तिलोत्तमा नगरपालिका वडा नं. ११ को सिमा क्षेत्रमा अवस्थित रोहिणी बाँध | भस्कट | २०६५९०८ (५८५००घ.मि.) | ८.०० | १६५२७२६४.०० |
| जम्मा रोयल्टी रकम | | | | | १६५२७२६४.०० |
| रोयल्टी बाहेकको रकम | | | | | |
| अग्रिम आय कर | | | | १.५% | २४७९०८.९६ |
| मुल्य अभिवृद्धि कर | | | | १३% | २१४८५४४.३२ |
| **जम्मा रकम** | | | | | १८९२३७१७.२८ |

## राजस्व सम्बन्धि विवरण :

| क्र.स. | राजस्व शिर्षक | जम्मा गर्नुपर्ने रकम | जम्मा गर्नुपर्ने बैंक | खाता नं. |
|---|---|---|---|---|
| १ | रोयल्टी रकम | १६५२७२६४.०० | आन्तरिक राजस्व खाता (एन.आइ.सी. एसिया बैंक, खैरेनी शाखा) | 0152050029572002 |
| २ | धरौटी रकम | ९४६२००.०० | धरौटी खाता (एन.आइ.सी एसिया बैंक, खैरेनी शाखा) | 15CA051276652401 |
| ३ | अग्रिम आयकर (१.५%) | २४७९०८.९६ | नेपाल सरकारले तोकेको खाता | |
| ४ | मू.अ. कर (१३%) | २१४८५४४.३२ | | |

**ख) भुक्तानी प्रक्रिया**

सम्झौता अनुसारको राजस्व रकम शत प्रतिशत दाखिला भएपछि मात्र उत्खननको लागि कार्यादेश जारी गर्ने ।

| किस्ता | किसिम | निकाल्ने परिमाण (घ.फि.) | बुझाउनु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| शत प्रतिशत रकम दाखिला गर्नु पर्ने | भस्कट | २०६५९०८ (५८५००घ.मि.) | १६५२७२६४.०० | मू.अ. कर र अग्रिम आय कर बाहेक |
| **जम्मा** | | | १६५२७२६४.०० | |

**ग) अन्य विवरण**

| क्र. सं. | खोलाको विवरण | Co-ordinates | | लम्बाई (मि.) | चौडाई (मि.) | गहिराई (मि.) |
|---|---|---|---|---|---|---|
| | | तल्लो विन्दु | माथिल्लो विन्दु | | | |
| १ | देवदह नगरपालिका वडा नं. ३ शिशपुर र तिलोत्तमा नगरपालिका वडा नं. ११ को सिमा क्षेत्रमा अवस्थित रोहिणी बाँध | 27.587408°N, 83.547073°E | 27.590284°N, 83.548997°E | ४५० | ६५ | २ |

**घ)** जिल्ला अनुगमन समिति, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, रुपन्देही, नगरस्तरीय प्राकृतिक स्रोत अनुगमन तथा व्यवस्थापन समिति, वडास्तरीय अनुगमन समिति, तिलोत्तमा नगरपालिका, जनताको तटबन्ध कार्यक्रम, स्थानीय बासिन्दा, सरोकारवालाहरु तथा सुरक्षा निकायको उपस्थितिमा उक्त डयाम क्षेत्रमा रेखाङ्कन कार्य गर्ने ।

**<u>निर्णय नं. ३</u>**

- स्थानीय जनताको गुनासोको आधारमा देवदह नगरपालिका क्षेत्रभित्र नगरपालिका स्थापना हुनु भन्दा पहिले निर्माण सम्पन्न भएका घर तथा भौतिक संरचनाहरुलाई स्ट्रक्चरल सुरक्षाको जिम्मेवारी स्वयं घरधनिमा रहने गरि अन्तिम पटकका लागि ३००% थप राजश्व लिई २०८१ जेष्ठ मसान्त सम्मका लागि भवनको अभिलेखीकरण दर्ताका लागि सूचना प्रकाशन गर्ने

र उक्त समय भित्र दर्ता भएका फाईलहरुको अभिलेखिकरण प्रमाणपत्र २०८२ अषाढ मसान्तसम्म दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

- वडा स्तरमा संचालन हुने आयोजनाको सम्बन्धमा देहाय बमोजिम गर्ने ।
    - सम्बन्धित वडाको वडा अध्यक्षको रोहबरमा विपद् व्यवस्थापन समितिको संयोजक, वातावरण शाखा प्रमुख र सम्बन्धित वडाका प्राविधिक कर्मचारीको सहयोगमा जफत भएको नदीजन्य पदार्थको परिणाम एकिन गरि ३ दिन भित्र प्रतिवेदन पेश गर्ने ।
    - वडा स्तरमा संचालन हुने आयोजनाको लागि आवश्यक नदीजन्य पदार्थ IEE भएको नदीबाट व्यवस्थापन गर्ने गरि ३ दिन भित्र प्रतिवेदन पेश गर्ने ।
    - पूर्वाधार शाखाबाट आयोजनाको लागत अनुमान तयार गर्दा दोहोरो नपर्ने गरि प्रचलित कानुन अनुसार सम्पादन गर्ने ।

**<u>निर्णय नं. ५</u>**

- सडक बोर्ड अन्तर्गत शान्तिचोक देखि बुर्जा टोल हुँदै नवलपरासी अस्नैया जाने सडक मर्मत योजनाको कार्य सम्पन्न भईसकेको तर सोका लागि सडक बोर्डबाट बजेट निकासा नभएकोले चालु आ.व. सडक मर्मत सम्भार शिर्षकमा विनियोजत बजेट रु. बीस लाख मध्येबाट उक्त योजनाको भुक्तानी दिने र बाँकी बजेट <u>ढेकावर-रामनगर र चाँद पेट्रोल पम्प देखि खड्ग मा.वि. जाने सडक मर्मत</u> गर्ने कार्यका लागि बाँडफाँड गर्ने निर्णय गरियो।

**<u>निर्णय नं. ६</u>**

- देवदह नगरपालिकाको १२ औं नगरसभाबाट पारित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आगामी नगरसभाबाट अनुमोदन गर्ने गरि संशोधन (परिवर्तन) गरि योजना/कार्यक्रम सम्झौता गर्ने निर्णय गरियो।

## तपसिल

| क्र.स. | वडा नं. | योजना/ कार्यक्रमको नाम | विनियोजित बजेट | संशोधित योजना | संशोधित बजेट |
|---|---|---|---|---|---|
| १ | २ | देविस्थान देखी हजारिया हुदै जाने बाटो ढल डि.पि.आर. | ४००००० | देविस्थान कम्पाउण्ड वाल निर्माण | ४००००० |
| २ | ४ | अध्ययन अवलोकन भ्रमण | २००००० | आधारभूत मन्टेश्वरी तालिम | २००००० |
| ३ | ४ | वडा कार्यालय भैपरी, विविध तथा विपद् व्यवस्थापन | ५००००० | नगरस्तरीय तिज गित कार्यक्रम सहभागि व्यवस्थापन खर्च (श्रृङ्गार सामाग्री, खाजा नास्ता, यातायात समेत) | २७००० |
| | | | | ब्राम्हण समाज नेपाल वडा कार्य समिति, देवदह ४ वाद्यवादन सामाग्री वितरण | ९०००० |
| | | | | शिवशक्ति बहुद्देश्यीय सहकारी संस्था लि. अनुदान | १००००० |
| | | | | थारु कल्याणकारी सभा, देवदह- ४ | ९०००० |
| | | | | जनकल्याण आमा समूह, स्याङ्गजाली टोल आमा समूह र विजय युवा क्लबलाई कुर्ची वितरण | ८३००० |
| | | | | अतिथि सत्कार तथा विविध | १००००० |
| | | | | सेतोमसी (विशेषाङ्कमा) सूचना प्रकाशन | १०००० |
| ५ | ९ | मनोज बरालको घरदेखि टंक | ४००००० | गोठ तथा खोर सुधार अनुदान कार्यक्रम | ४००००० |

| क्र.स. | वडा नं. | योजना/ कार्यक्रमको नाम | विनियोजित बजेट | संशोधित योजना | संशोधित बजेट |
|---|---|---|---|---|---|
| | | सुवेदीको घरसम्म बाटो ढलान | | | |
| ६ | ९ | वोरिङ्गदेखि भागिरथ पाण्डेको घरसम्म नाला निर्माण - ४००००० | ७००००० | बाघकुमार दुर्गा मन्दिरमा वाल निर्माण | ४५०००० |
| ७ | ९ | अर्जुनको घरदेखि घनश्यामको घर अगाडि हुँदै यज्ञमूर्तिको घरसम्म नाली निर्माण- ३००००० | | देउमन पुन अधुरो कबर्डहल निर्माण | २००००० |
| | | | | डिल बहादुर थापाको घर पछाडी नाली मर्मत | ५०००० |
| ८ | १० | ज्ञान बहादुर तामाङको घर लाइन नाली निर्माण | ३००००० | वडा कार्यालय अगाडी सयपत्री पथमा इन्टरलक ब्लक | ५०००० |

**निर्णय नं. ७**

- चालु आ.व. २०८०/०८१ मा सामाजिक विकास कार्यक्रम अन्तर्गत नगर प्रमुख सम्बोधित र नगर उपप्रमुख सम्बोधित शिर्षकमा विनियोजित बजेट रु. १/१ करोडबाट देहाय बमोजिम कार्यान्वयन गरिएका र प्रस्ताव गरिएका आयोजना तथा कार्यक्रमहरुलाई अनुमोदन गरी नगर सभामा समेत पेश गर्ने निर्णय गरियो ।

## ग. नगर प्रमुख सम्बोधित कार्यक्रम

| क्र. सं. | आयोजनाको नाम | वडा नं. | विनियोजित बजेट |
|---|---|---|---|
| १ | कोटियामाई मन्दिर इन्टरलक ब्लक तथा वाल निर्माण | ७ | १००००० |
| २ | रात्रीकालिन क्रिकेट प्रतियोगिता | १ | ३०००० |
| ३ | पुरानो बाटो लडियाबास कल्भर्ट निर्माण | १० | २००००० |
| ४ | टटेरा डाँडा टोलमा तारजाली | ३ | १५०००० |
| ५ | तल्लो देउराली आमा समूह भवन प्लाष्टर | ८ | १००००० |
| ६ | वडा स्तरीय खुल्ला पुरुष भलिबल प्रतियोगिता (स्वतन्त्र भूतपूर्व सैनिक कल्याणकारी परिवार) | ६ | १००००० |

## घ. नगर उपप्रमुख सम्बोधित कार्यक्रम

| क्र.स. | आयोजनाको नाम | वडा नं. | विनियोजित बजेट |
|---|---|---|---|
| १ | रात्रीकालिन क्रिकेट प्रतियोगिता | १ | ३०००० |
| २ | मल्लाह बाबा थान निर्माण | १२ | २००००० |
| ३ | शिव मन्दिर ख मार्गमा इन्टरलक ब्लक | ८ | ४००००० |
| ४ | राम प्रसाद देवकोटाको घर तर्फ जाने बाटोमा इन्टरलक ब्लक | ८ | २००००० |
| ५ | शंकर आधारभूत विद्यालय तारबार | ११ | १००००० |

## निर्णय नं. ८

- चालु आ.व. मा सामाजिक विकास कार्यक्रम तर्फ युवा लक्षित कार्यक्रम अन्तर्गत स्काउट तालिमहरु शिर्षकमा रु. ४०००००/- बजेट विनियोजन भएकोमा उक्त तालिम संचालनको लागि नेपाल स्काउट, स्थानीय स्काउट कार्यालय, देवदहसँग सम्झौता गरि कार्यादेश दिने निर्णय गरियो ।

## निर्णय नं. ९

- चालु आ.व. मा आर्थिक विकास कार्यक्रम तर्फ चैते दशै मेला भवानीपुर शिर्षकमा रु. १५००००/- बजेट विनियोजन भएकोमा उक्त कार्यक्रम संचालनको लागि कोलिय राज्य बुद्ध मावली क्षेत्र विकास समिति, देवदह-४ सँग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

- शित्तलनगर चोक - भवानीपुर हुँदै रोहिणी पुलसम्मको सडकको right of way ४६ फुट कायम गर्ने ।

**निर्णय नं. ११**

- पर्यटन व्यवस्थापन समिति, ग्रामीण पर्यटन, घलेगाउँ, लमजुङको आयोजनामा मिति २०८१ बैशाख १ गतेबाट संचालन हुने सातौं स्मार्ट भिलेज आमान्त्रित गोल्डकप फुटबल प्रतियोगितमा यस नगरपालिकाको तर्फबाट सहभागी हुन जाने खेलाडीहरुलाई यातायात खर्च वापत विपद् व्यवस्थापन कोषबाट रु. पचास हजार कार्यक्रम खर्च शिर्षकमा स्थानान्तरण गरी कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि उपलब्ध गराउने ।

**निर्णय नं. १२**

- देवदह नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ९९८, मिति २०८०।९।१९ को सिफारिस बमोजिम उक्त वडा निवासी शेर बहादुर बोहराको खुट्टामा समस्याको कारण हाल देवदह मेडिकल कलेजमा उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर तथा विपन्न रहेको हुँदा निजको उपचारका लागि "सामाजिक सहायता तथा आर्थिक सहयोग शिर्षकबाट रु. २०,०००/- (अक्षरुपी बीस हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३**

- देवदह नगरपालिका वडा नं. ९ मा रहेको नागरिक आरोग्य सेवा केन्द्रलाई देवदह ९ स्थित आधारभूत स्वास्थ्य केन्द्रमा स्थानान्तरण गर्ने निर्णय गरियो।

**<u>कार्यपालिका बैठक संख्या – १६७</u>** **<u>मितिः- २०८०।१२।२६</u>**

**<u>निर्णय नं. १</u>**

- कार्यालय समयभन्दा बाहिर (बिहान र बेलुका) र विदाको दिन समेत लामो समयसम्म कार्यालयको काममा खटिईरहने हलुका सवारी चालकहरुलाई २०८१ बैशाख १ गतेदेखि लागु हुने गरि अतिरिक्त कार्यसम्पादन वापत प्रति महिना रु पाँच हजार (५०००।-) का दरले थप सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. २

- आर्थिक प्रशासन शाखाबाट आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम र बजेटका सम्बन्धमा प्रस्तुत भएको देहायका विषयहरु माथि छलफल गरियो ।

**तपसील**

| क्र.सं. | शिर्षक | प्राप्तीको श्रोत | चालु आ.व. ०८०/०८१ को अनुमानित आय | हाल सम्मको आय | हाल सम्मको प्राप्त प्रतिशत | संशोधित अनुमानित असार सम्मको आय | संभावित घटि आय | घटि प्रतिशत | अगामि आ.व. ०८१/०८२ को अनुमानित आय | न.पा बाट वाडफाड गर्न पाउने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको मौज्दात | | ५३०७२४३४ | | | | | | | |
| १ | आन्तरिक राजश्व | राजश्व | १८४१६००७१ | ८२६२०३६५.८५ | ४४.८६ | ११०१६०४८७.८ | ७३९९९५८३.२ | ४०.२ | ११०१६०४८८ | ११०१६०४८८ |
| २ | समानिकरण अनुदान | संघीय सरकार | १५१५००००० | ८३६५०००० | ५५.२१ | १११५३३३३३.३ | ३९९६६६६६.७ | २६.४ | १६१५००००० | १६१५००००० |
| | | प्रदेश सरकार | ११४११००० | ५७०५५००.०० | ५०.०० | ७६०७३३३.३ | ३८०३६६६.७ | ३३.३ | १३०११००० | १३०११००० |
| ३ | राजश्व वाडफाड | संघीय सरकार | १२२३७०००० | ६३३०७३१८.४७ | ५१.७३ | ८४४०९७५८.० | ३७९६०२४२.० | ३१.० | १३०३७०००० | १३०३७०००० |
| | | प्रदेश सरकार | ७८५८९२९ | ५३००३७३.६४ | ६७.४४ | ७०६७१६४.९ | ७९१७६४.१ | १०.१ | ९०५८९२९ | ९०५८९२९ |
| ४ | शशर्त अनुदान चालु | संघीय सरकार | २७६९००००० | १८२८२०००० | ६६.०२ | २४३७६००००.० | ३३१४००००.० | १२.० | ३०६९००००० | |
| ५ | शशर्त अनुदान पुँजीगत | संघीय सरकार | २७१०००००० | १५२४६००० | ५६.२६ | २०३२८०००.० | ६७७२०००.० | २५.० | २९१००००० | |
| ६ | शशर्त अनुदान | प्रदेश सरकार | १२१५०००० | ५२५०००० | ४३.२१ | ७००००००.० | ५१५००००.० | ४२.४ | १४१५०००० | |
| ७ | समपुरक अनुदान | संघीय सरकार | ५०००००० | ०.०० | ०.०० | ०.० | ५००००००.० | १००.० | २०००००० | |
| | | प्रदेश सरकार | १५०००००० | ४९००००० | ३२.६७ | ६५३३३३३.३ | ८४६६६६६.७ | ५६.४ | २०००००० | |
| ८ | विशेष अनुदान | संघीय सरकार | ९०००००० | ६८७००० | ७.६३ | ९१६०००.० | ८०८४०००.० | ८९.८ | १२०००००० | |
| ९ | सामाजिक सुरक्षा भत्ता | संघीय सरकार | २५०००००००० | ११९४५२४९३ | ४७.७८ | १५९२६९९९०.७ | ९०७३०००९.३ | ३६.३ | २६०००००००० | |
| १० | एडिविबाट संचालित शहरी विकास कार्यक्रम | | २०४०००००० | ०.०० | ०.०० | ०.० | २०४००००००.० | १००.० | २९४०००००० | |
| | | | १३२९५२२४३४ | ५६८९३९०५१ | ४२.७९ | ७५८५८५४०१.३ | ५७०९३७०३२.७ | ४२.९ | १३८०२५०४१७ | ४२४१००४१७ |

**<u>निर्णय नं. ३</u>**

- देवदह-१० स्थित कामधेनु संस्कृत बिद्यापिठ (गुरुकुल) ले नाम परिवर्तन गरि कामधेनु संस्कृत गुरुकुलम् बनाउन सिफारिस गरेको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, (ज) को व्यवस्था बमोजिम नगर शिक्षा समितिबाट सिफारिस भई आए बमोजिम उक्त शैक्षिक संस्थाको नाम परिवर्तन गरि **कामधेनु संस्कृत गुरुकुलम्** नाम कायम निर्णय गरियो।

**<u>निर्णय नं. ४</u>**

- माध्यमिक तहका संघीय शिक्षण सिकाई अनुदान शिक्षकको लागि यस आ.व. मा अनुदान कम प्राप्त भएको सन्दर्भमा देवदह नगरकार्यपालिकाको बैठकले दामासाहीको आधारमा तलव भत्ता खुवाउने भनि गरेको निर्णय प्रति संघीय शिक्षण सिकाई अनुदानमा कार्यरत शिक्षकहरुले असन्तुष्टी जनाई पूर्ण तलवको माग गरेकोले संघीय शिक्षण सिकाई अनुदानमा कार्यरत शिक्षकहरुको करार सम्झौता नवीकरणको सम्बन्धमा आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५</u>**

- देवदह नगरपालिकाको निर्माण व्यवसाय ऐन २०७४ को दफा ११ बमोजिमको कार्यान्वयन समितिको मिति २०८०/१२/२६ गतेको बैठकबाट सिफारिस भई आए बमोजिम त्रिशक्ति निर्माण सेवा एण्ड सप्लायर्स, देवदह-७ लाई देवदह नगरपालिकाको निर्माण व्यवसाय ऐन २०७४ को परिच्छेद ३ दफा १२ (क) अनुसार निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

- देवदह नगरपालिकाको १२ औं नगरसभाबाट पारित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आगामी नगरसभाबाट अनुमोदन गर्ने गरि संशोधन (परिवर्तन) गरि योजना/कार्यक्रम सम्झौता गर्ने निर्णय गरियो।

## तपसिल

| क्र.स. | योजना/ कार्यक्रमको नाम | विनियोजित बजेट | संशोधित योजना | संशोधित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला जनप्रतिनिधी क्षमता विकास तालिम | १५०००० | महिला जनप्रतिनिधी क्षमता विकास तालिम | १००००० | |
| | | | स्तन क्यान्सर सम्बन्धी सचेतना कार्यक्रम (उज्यालो लाल्टिन फाउण्डेशन) | ५०००० | |
| २ | महिला जनप्रतिनिधी अन्तर स्थानीय तह असल अभ्यास अध्ययन अवलोकन | ३००००० | नारी नेतृत्व स्तम्भ लेखन (सेतोमसी डटकम) | १००००० | |
| | | | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान | १००००० | |
| | | | महिला जनप्रतिनिधी अन्तर स्थानीय तह असल अभ्यास अध्ययन अवलोकन | १००००० | |
| ३ | राजु बोहोराको घर लाइन नाली निर्माण | २००००० | वडा कार्यालय अगाडी सयपत्री पथमा इन्टरलक ब्लक | २००००० | वडा नं. १० |
| ४ | कुल बहादुर दमैको घरको लाइन कल्भर्ट निर्माण | २००००० | शिवचोक देखि स्कुल जाने बाटो नाली निर्माण | २००००० | वडा नं. १० |

## निर्णय नं. ७

- चालु आ.व. २०८०/०८१ मा सामाजिक विकास कार्यक्रम अन्तर्गत नगर प्रमुख सम्बोधित र नगर उपप्रमुख सम्बोधित शिर्षकमा विनियोजित बजेट रु. १/१ करोडबाट देहाय बमोजिम कार्यान्वयन गरिएका र प्रस्ताव गरिएका आयोजना तथा कार्यक्रमहरुलाई अनुमोदन गरी नगर सभामा समेत पेश गर्ने निर्णय गरियो ।

### ङ. नगर प्रमुख सम्बोधित कार्यक्रम

| क्र. सं. | आयोजनाको नाम | वडा नं. | विनियोजित बजेट |
|---|---|---|---|
| १ | १२ नं. वडा कार्यालयको कम्पाउण्ड घेरबार र ग्राउण्ड पि.सि.सि. ढलान | १२ | २५०००० |

## च. नगर उपप्रमुख सम्बोधित कार्यक्रम

| क्र.स. | आयोजनाको नाम | वडा नं. | विनियोजित बजेट |
|---|---|---|---|
| १ | प्रकृति टोल आशा चौधरीको घर नजिकको बाटोमा पर्खाल निर्माण | ४ | १५०००० |
| २ | सिक्टहन माध्यमिक विद्यालय फर्निचर व्यवस्थापन तथा मर्मत | १२ | १५०००० |
| ३ | प्रगति माध्यमिक विद्यालय फर्निचर व्यवस्थापन तथा मर्मत | १२ | १५०००० |
| ४ | सिता मा.वि.मा शौचालय मर्मत | १० | १००००० |
| ५ | मायादेवी मन्दिर संरक्षण तारबार | ५ | १००००० |
| ६ | देविस्थान आशा वि.क.को घर अगाडी डिप वोरिङ्गको आउटलेट मर्मत | २ | ५०००० |

### निर्णय नं. ८

- मदरसा गौसिया अहले सुन्नत फैजुल ओलूम छिपागढ, रोहिणी गाउँपालिका वडा नं. ४ लाई पंखा खरीदको लागि मेशिनरी तथा उपकरण शीर्षकबाट रु. ६००००।– (अक्षरुपी साठ्ठी हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. ९

- देवदह नगरपालिका वडा नं. ५ प्रगतिनगर बजारमा अवस्थित शुक्रबारे हाटबजार जाने बाटोमा कल्भर्ट विस्तारको लागि विपद् व्यवस्थापन कोषबाट रु. दुई लाख उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. १०

- देवदह नगरपालिका वडा नं. १० स्थित गौशालाको डि.पि.आर. निर्माणको कार्य रुपना इन्जिनियरिङ्ग सोलुशन प्रा.लि. लाई जिम्मा दिइएकोमा उक्त फर्मद्धारा डि.पि.आर. निर्माणको कार्य सम्पन्न भएकोले भुक्तानी दिने निर्णय गरियो ।

**कार्यपालिका बैठक संख्या – १६८** **मितिः- २०८०।१२।२९**

**निर्णय नं. १**

- अर्थ मन्त्रालय, लुम्बिनी प्रदेशको मिति २०८०/१२/२६ को सूचना बमोजिम आ.व. ०८१/८२ का लागि प्रदेश समपूरक अनुदान अन्तर्गत तपशील बमोजिमका आयोजना/ कार्यक्रमहरु छनौट गरी पठाउने निर्णय गरियो ।

**तपशील**

| क्र.स. | आयोजनाको नाम | जम्मा लागत | स्थानीय सरकारको तर्फबाट | प्रदेश सरकारको तर्फबाट |
|---|---|---|---|---|
| १. | ६ नं चोकदेखि पातलीचोकसम्म बाटो, देवदह १ र कालीगण्डकी पथ सूर्यपुरा-बसन्तपुर जाने बाटो, देवदह ३ कालोपत्रे | १ करोड ५ लाख | ५२ लाख ५० हजार | ५२ लाख ५० हजार |
| २. | ज्ञवाली चोकदेखि बौद्ध विश्व विद्यालय जोड्ने बाटो, देवदह ८ र मुना मदन चोकदेखि बाघ कुमार जाने बाटो, देवदह ९ कालोपत्रे | १ करोड ५ लाख | ५२ लाख ५० हजार | ५२ लाख ५० हजार |
| | **जम्मा** | **२ करोड १० लाख** | **१ करोड ५ लाख** | **१ करोड ५ लाख** |

**निर्णय नं. २**

- लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयको च.नं. ५०२ मिति २०८०/१२/२७ को सूचना बमोजिम आ.व. ०८१/८२ का लागि विशेष अनुदान अन्तर्गत तपशील बमोजिमका आयोजना/ कार्यक्रमहरु छनौट गरी पठाउने निर्णय गरियो ।

**तपशील**

| क्र.स. | आयोजनाको नाम | वडा नं. | जम्मा लागत |
|---|---|---|---|
| १. | सिता मा.वि. भौतिक पूर्वाधार तथा सौन्दर्यकरण निर्माण | १० | ४० लाख |
| २. | युगज्योति मा.वि. अधुरो भवन तथा कम्पाउण्ड वाल निर्माण | ६ | ४० लाख |
| | **जम्मा** | | **८० लाख** |

**निर्णय नं. ३**

- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट यस नगरपालिकालाई प्राप्त शशर्त अनुदानको रकमलाई वडा कार्यालयको सिफारिस र गोबर ग्याँस प्लान्ट जडान गर्ने परामर्शदाताको सिफारिसमा प्रति प्लान्ट रु. तीस हजारका दरले भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

- देवदह नगरपालिकाको क्षेत्रभित्रका खोलाहरुमा नदीजन्य पदार्थ उत्खनन् एवं संकलन कार्यको नापजाँच, निरिक्षण एवं मुल्याङ्कनका लागि खटिने कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

- देवदह नगरपालिकाको १२ औं नगरसभाबाट चालु आ.व. मा सामाजिक विकास क्षेत्र तर्फ खानेपानी शिर्षकमा रु. दश लाख रकम विनियोजन भएकोमा उक्त विनियोजित रकमबाट नगरस्तरीय खानेपानी परीक्षण प्रयोगशाला स्थापनाका लागि देवदह खानेपानी उपभोक्ता तथा सरसफाई संस्था, देवदहलाई अनुदान स्वरुप उपलब्ध गराउने र अन्तिम लेखापरीक्षणको लागि कार्यसम्पन्न प्रतिवेदन उक्त खानेपानी संस्थाले पेश गर्नु पर्ने निर्णय गरियो ।

**कार्यपालिका बैठक संख्या – १६९** **मितिः- २०८०।१२।३०**

**निर्णय नं. १**

- आ.ब. २०८१/०८२ का लागि प्रस्तावित नीति तथा कार्यक्रम माथि छलफल गरि मिति २०८१।१।४ गते विहान ०८:०० बजे बस्ने कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**कार्यपालिका बैठक संख्या- १७०** **मितिः- २०८१/०१/०४**

**निर्णय नं. १**

- नगर प्रमुखद्धारा प्रस्तुत आ.ब. २०८१/०८२ नीति तथा कार्यक्रम स्वीकृत गरि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

- विकास तथा प्रकोप व्यवस्थापन केन्द्र (CDM) नेपालको च.नं. ६४ मिति २०८०।१२।२८ को पत्र अनुसार कारितास नेपाल र कारितास स्पेन को आर्थिक सहयोग,देवदह नगरपालिका को समन्वय, सहकार्य एबम बिकास तथा प्रकोप ब्यबस्थापन केन्द्र (CDM-Nepal) , रुपन्देहीको आयोजनामा यस नगरपालिका मा "शहरी विपद तथा जलबायु जोखिम न्यूनीकरण परियोजना "अन्तर्गत नगरपालिका स्तरीय विपद तथा जलबायु सम्बन्धि नीति तथा कार्ययोजना निर्माण, जनप्रतिनिधी तथा नगरपालिकाका कर्मचारीहरुको लागि तालिम, हरित रोजगार, स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र (LEOC), पूर्व सुचना तथा पूर्व चेतावनी प्रणाली (Early Warning System) जस्ता कार्यक्रमहरु संचालन गर्ने एवं यसै नगरपालिकाका वडा नम्बर ३,६,१० र ११ का विपद्बाट प्रभावित समुदायहरुमा विपद् तथा जलबायु जोखिम न्यूनीकरण परियोजना संचालनको लागि आगामी आर्थिक वर्षदेखि न्यूनतम लागत सहभागिता सहित कार्यक्रम संचालन गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

- देवदह नगरपालिकाको १२ औं नगरसभाबाट पारित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आगामी नगरसभाबाट अनुमोदन गर्ने गरि संशोधन (परिवर्तन) गरि योजना/कार्यक्रम सम्झौता गर्ने निर्णय गरियो।

**तपसिल**

| क.स. | वडा नं. | योजना/ कार्यक्रमको नाम | विनियोजित बजेट | संशोधित योजना | संशोधित बजेट |
|---|---|---|---|---|---|
| १ | २ | २ नं. वडाका युवा क्लबको लागि खेलकुद सामाग्री खरीद | ५०००० | वडाका युवाका लागि खेलकुद सामाग्री खरीद | ५०००० |
| २ | ३ | जनजाती भवन अगाडी नालामा ढक्कन राख्ने | १००००० | जनजाती भवनको लागि कुर्सी खरिद | १००००० |
| ३ | ८ | कम्प्युटर सम्बन्धि व्यवसायिक तालिम | २००००० | ज्ञानज्योती पथ ग्राभेल | २००००० |

**निर्णय नं. ४**

- पशु सेवा शाखाको आर्थिक वर्ष २०८०।०८१ को संघीय सरकार सशर्त अनुदान तर्फको कार्यक्रमहरु  देवदह नगरपालिकाको आर्थिक विकास समितिमा छलफल गरी सम्बन्धित कार्यक्रमको कार्यविधि अनुसार संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

- आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम पेश गर्नको लागि मिति २०८१/०१/०६ गते नगरसभा आह्वान गर्ने भनि मिति २०८०।१२।११ गतेको कार्यपालिका बैठकबाट निर्णय भएकोमा उक्त मिति संशोधन गरि मिति २०८१/१/७ गते विहान १०:०० बजे नगरसभा आह्वान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

- पर्यटन व्यवस्थापन समिति, ग्रामीण पर्यटन, घलेगाउँ, लमजुङको आयोजनामा मिति २०८१ बैशाख १ गतेबाट संचालन भएको सातौं स्मार्ट भिलेज आमान्त्रित गोल्डकप फुटबल प्रतियोगितमा यस नगरपालिकाको तर्फबाट सहभागी हुन जाने खेलाडीहरुलाई विविध खर्च वापत विपद् व्यवस्थापन कोषबाट थप रु. बीस हजार कार्यक्रम खर्च शिर्षकमा स्थानान्तरण गरी कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि उपलब्ध गराउने ।